# नागार्जुन नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड (७), काठमाडौं** **मंसीर २१ गते, २०८० साल** **(संख्याः ५)**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/०६

### भाग २

# मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०८०

**प्रस्तावनाः**

नागार्जुन नगरपालिकाबाट पारित नीति तथा कार्यक्रमबमोजिम आर्थिक, सामाजिक सांस्कृतिक रुपमा उत्पीडनमा परेका दलित समुदाय, महिला, जनजाति, वैदेशिक रोजगारीबाट फर्किएका युवा, आर्थिक हिसाबले विपन्न, गरिव, किसान, मजदुर, अपांग, सीमान्तकृत लोपोउन्मुख समुदाय, तथा बेरोजगार नगरवासीहरु बिच उद्यमशीलताको विकास एवं प्रवद्र्धन गर्न, स्वरोजगारी सिर्जना गर्न, निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक एवं व्यावसायिक कृषिमा रूपान्तरण गर्न, व्यावसायिक पशुपन्क्षी पालनको विकास र प्रवर्द्धन गर्न, पर्यटन व्यवसायको विकास र प्रवर्द्धन गर्न, वन पैदावारमा आधारित उद्यम व्यवसाय लगायतका नगरपालिका क्षेत्र भित्र सम्भाव्य देखिएका उद्यम व्यवसायमा आकर्षित गरी लघु, घरेलु, साना एवं मझौला उद्योगको थप विकास र प्रवर्द्धन गर्न पालिकावासीहरुलाई अवाश्यक सहयोग गरी व्यवसायीक एवं उद्यमी बनाउन विभिन्न प्रकारका स्वरोजगारमूलक तालिमहरुमार्फत सिपयुक्त आवश्यक दक्ष जनशक्तिको विकास गर्न एवं उद्यमशिलता विकासका लागि नगरवासीहरुलाई व्यवस्थित तथा योजनावद्ध ढंगले दीर्घकालिन सोचका आधारमा उत्पादन तथा उत्पादकत्व वृद्धि अभियानमा परिचालन गरी नगरमा समाजवाद उन्मुख अर्थतन्त्रको

विकास र विस्तारका लागि आधार निर्माण गर्न उल्लिखित लक्षित समूहमा सहुलियतपूर्ण कर्जा लगानी गरी मेयर उद्यमशीलता विकास कार्यक्रम लागु गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम मिति ........ मा सम्पन्न .... औं नगरसभाबाट पारित गरी **मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०८०** जारी गरिएको छ ।

## परिच्छेदः १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नाम मेयर उद्यमशिलता विकास कार्यक्रम निर्देशिका,२०८० हुनेछ ।

ख) यो निर्देशिका नगरसभाबाट पारित भै नागार्जुन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित  भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ ।

ग) यो निर्देशिका नागार्जुन नगरपालिका भित्र लागु हुनेछ ।

## परिच्छेद-२

## परिभाषा

**२. परिभाषाः**

**विषय वा प्रसंगले** अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

१) **"निर्देशिका"** भन्नाले नागार्जुन नगरपालिकाको मेयर उद्यमशीलता विकास कार्यक्रम, २०८० लाई सम्झनु पर्दछ ।

२) **"नगरपालिका"** भन्नाले नागार्जुन नगरपालिका काठमाडौंलाई सम्झनु पर्दछ ।

३) **"प्रमुख"** भन्नाले नागार्जुन नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

४) **"उपप्रमुख"** भन्नाले नागार्जुन नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

५) **"वडा"** भन्नाले नागार्जुन नगरपालिकाको वडाहरुलाई सम्झनु पर्दछ ।

६) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नागार्जुन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

७) **"वडा अध्यक्ष"** भन्नाले नागार्जुन नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

८) **“विषयगत समिति”** भन्नाले नागार्जुन नगरपालिकाको कार्यसम्पादन तथा कार्यविभाजन नियमावली अन्तर्गत गठित विषयगत समितिलाई सम्झनुपर्दछ ।

९) **“तालिम”** भन्नाले नागार्जुन नगरपालिकामा बसोवास गर्ने नागरिकहरुलाई श्रम बजारको लागि वा स्वरोजगार सृजनाका गर्नका लागि सिप वा व्यवसायिक दक्षता एवं क्षमता अभिबृद्धि गर्ने उद्देश्यले नगरपालिकाले सञ्चालन गर्ने तालिमलाई सम्झनुपर्छ ।

१०) **“प्रशिक्षक”** भन्नाले यस निर्देशिका बमोजिम सञ्चालन हुने तालिम कार्यक्रमको लागि छनौट भएका विषय विज्ञ वा आमन्त्रित विशेषज्ञलाई सम्झनु पर्दछ ।

११) **“प्रशिक्षार्थी"** भन्नाले यस निर्देशिका बमोजिम सञ्चालन हुने तालिम कार्यक्रमका लागि प्रशिक्षण लिन छनौट भएका नगरपालिकामा स्थायी बसोबस गर्ने नागरिकहरुलाई सम्झनु पर्दछ।

१२) **“उद्योग”** भन्नाले लघु, घरेलु, साना एवं मझौला उद्योगलाई सम्झनु पर्दछ ।

१३) **“कृषि उद्योग”** भन्नाले कृषिमा आधारित खाद्यान्न, नगदेवाली, तरकारी, फलफूल, जडिबुटी तथा पशुपन्छी र पशुपंक्षि पालनबाट उत्पादित वस्तुहरुसँग सम्बन्धित लघु, घरेलु एवं साना उद्योगलाई सम्झनु पर्दछ ।

१४) **“पर्यटन व्यवसाय”** भन्नाले होटेल, मोटेल, रेष्टुरेष्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग र होमस्टे लगायतका व्यवसायलाई सम्झनु पर्दछ ।

१५) **“कार्यक्रम”** भन्नाले कृषि,पशुपन्क्षी पालन, उद्योग र पर्यटन व्यवसायमा आधारित, नवप्रवर्तनमा आधारित अन्य कुनै प्रतिफलमुखी लगायतका कार्यक्रमलाई सम्झनु पर्दछ ।

१६) **“सञ्चालक समिति”** भन्नाले मेयर उद्यमशीलता विकास कार्यक्रमको लागि गठन भएको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

१७) **“उद्यमशीलता कोष”** भन्नाले नागार्जुन नगरपालिकाले आफ्नो वार्षिक बजेटबाट विनियोजित गरिएको रकम, दातृ निकाय, सरकारी तथा गैरसरकारी संघ संस्था लगायतबाट प्राप्त रकमलाई सम्झनु पर्दछ ।

१८) **"कार्यक्रम संयोजक"** भन्नाले मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका,२०८० को कार्यक्रम संयोजकलाई सम्झनु पर्दछ ।

१९) **"ब्याज अनुदान"** भन्नाले मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०८० बमोजिम उद्यम तथा व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसाय सञ्चालन कार्यविधि -२०८० बमोजिमको अनुदान रकमलाई सम्झनु पर्दछ ।

२०) **"कृषि"** भन्नाले बाली, बागबानी, पशुपन्छी, मत्स्य आदि सँग सम्बन्धित उत्पादन, उद्योग एवं व्यवसायहरु समेतलाई जनाउनेछ ।

२१) **"कृषक"** भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न भएको व्यक्तिलाई जनाउनेछ ।

२२) **"स्वरोजगार"** भन्नाले कुनै पनि व्यक्ति वा समूह वा संस्थाले सञ्चालन गरेको व्यापार, व्यवसाय वा उद्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आय आर्जन भएको अवस्थालाई जनाउनेछ ।

२३) **"उद्यम"** भन्नाले कुनै व्यक्ति वा संस्थाले सञ्चालन गरेको कृषि तथा गैर कृषि क्षेत्रको व्यापार, व्यवसाय वा सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसाय सञ्चालन कार्यविधि-२०८० को अनुसूची १ मा उल्लेखित उद्यमलाई जनाउनेछ ।

२४) **"उद्यमी"** भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूह वा संस्थालाई जनाउनेछ।

२५) **"उद्यमशीलता"** भन्नाले नवप्रवर्तन सहितको सिर्जना हो भन्ने सम्झनु पर्दछ ।

२६) **"सिप विकास"** भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक ज्ञान तथा सिपमूलक तालिमलाई जनाउनेछ ।

२७) **"क्षमता अभिवृद्धि"** भन्नाले कुनै व्यक्ति वा समूह वा संस्थाहरुले स्वरोजगार सृजनाको लागि कुनै उद्यम, व्यापार व्यवसायसँग सम्बन्धित प्राविधिक ज्ञान सिप सम्बन्धी तालीम कार्यक्रमलाई जनाउनेछ ।

२८) **"विशिष्ट तालिम"** भन्नाले एक पटक सिप विकास तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका उद्यमीलाई सोही विषयमा दिइने उच्च स्तरको

तालिमलाई जनाउँदछ। यस शब्दले आधारभूत सिप प्राप्त उद्यमीलाई दिइने थप तालिमलाई समेत जनाउनेछ ।

२९) **"बजारीकरण"** भन्नाले लघु उद्यमबाट हुने उत्पादन, मूल्य निर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई जनाउँछ ।

३०) **"आधारभूत गरीब परिवार"** भन्नाले स्वरोजगारको अवसरबाट बन्चित आफ्नो उत्पादन वा आयबाट दैनिक गुजारा चलाउन नसक्ने वा बढीमा ३ महिना भन्दा कम समय खान पुग्ने परिवारलाई जनाउनेछ ।

३१) **"सञ्चालक समिति"** भन्नाले परिच्छेद-४, बमोजिमको समितिलाई जनाउनेछ ।

३२) **"लगानी"** भन्नाले नगर भित्रको स्थायी बसोबस भएको व्यक्ति, फर्म, समूह, सहकारी वा संस्थाको व्यवसायिक योजना अनुसार साझेदारीता हुने गरी प्रदान गरिने रकमलाई जनाउनेछ ।

३३) **"सम्झौता"** भन्नाले कार्यक्रम सञ्चालन गर्दा कुनै व्यक्ति वा समूह वा संस्थासँग गरिने दुई पक्षीय लिखित दस्तावेजलाई जनाउनेछ ।

३४) **"उद्यमशीलता विकास"** भन्नाले व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान प्रदान गर्ने तालिमलाई जनाउनेछ ।

३५) **"साझेदार संस्था"** भन्नाले कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई जनाउनेछ ।

## परिच्छेद—३

## उद्देश्य

३) **उद्देश्यः**

मेयर उद्यमशिलता विकास कार्यक्रम निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछः-

क) कृषि, पशुपन्क्षी पालन, उद्योग र पर्यटन व्यवसायलाई आधार बनाई विदेशबाट फर्किएका तथा नगरमै रहेका बेरोजगार नागरिकहरुलाई उल्लेखित लगायतका व्यवसायमा आकर्षित गरी निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक तथा व्यावसायिक कृषि तथा पशुपन्क्षी पालनमा

रूपान्तरण गर्ने, पर्यटन व्यवसायमा लगानी गरी भरपर्दो र विश्वसनीय पर्यटन व्यवसायको प्रवर्द्धन गर्ने र स्थानीय कच्चा पदार्थको आधारमा लघु, घरेलु, साना तथा मझौला उद्योगको थप विकास एवं प्रवर्द्धन गर्न तथा नवप्रवर्तनका आधारमा सञ्चालन हुने अन्य प्रतिफलमुखी उद्यम व्यवसायलाई आवश्यक सहयोग गर्ने ।

ख) नगरपालिकामा दक्ष जनशक्ति तयार गर्नु, सिप र दक्षता विकास गरी नगरवासीको आय आर्जन बृद्धिमा टेवा पुऱ्याई जीवनस्तरमा सुधार ल्याउन मद्दत गर्ने ।

ग) स्वदेशमै रोजगारीका अवसरहरुको सृजना गरी उनीहरुको सिप र कार्यक्षमता बढाई आत्मनिर्भर बन्न अभिप्रेरित गर्ने ।

घ) नगरपालिका क्षेत्रमा आर्थिक तथा सामाजिक उत्थानको लागि सञ्चालन हुने स्वरोजगारमूलक कृषि, पशुपन्क्षी पालन, पर्यटन व्यवसाय तथा लघु, घरेलु, साना तथा मझौला खालका उद्यम विकास तथा प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय सरकार तथा सम्बन्धित मन्त्रालय, विभाग, दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूसँग उद्यमशीलता विकास, औद्योगिक पूर्वाधार विकास एवं बजार पहुँच विस्तारका लागि आवश्यक समन्वय र सहकार्य गर्ने एवं उद्यम तथा व्यवसाय दिगो ढंगले सञ्चालन गर्न सहयोग पुऱ्याउने।

ङ) नगरपालिका क्षेत्रमा समाजवाद उन्मुख आर्थिक प्रणाली विकासको आधार निर्माण गर्न उत्पादन एवं उत्पादकत्व वृद्धि अभियान सञ्चालन गरि उद्योग, सेवा तथा व्यवसाय विस्तार लगायतका क्षेत्रहरुमा जोड दिई सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्यलाई टेवा पुऱ्याउने।

## परिच्छेदः ४

## सञ्चालक समिति

४) **सञ्चालक समितिः**

मेयर उद्यमशिलता विकास कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको मेयर उद्यमशिलता विकास कार्यक्रम सञ्चालक समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | नगर प्रमुख, नागार्जुन नगरपालिका | अध्यक्ष |
| ख) | नगर उप्रमुख, नागार्जुन नगरपालिका | सदस्य |
| ग) | नगरकार्यपालिका आर्थिक विकास समितिको संयोजक | सदस्य |

घ) नेपाल उद्योग वाणिज्य संघ, नगर शाखा, प्रतिनिधि सदस्य

ङ) नगरस्तरीय सहकारी संजालका प्रतिनिधि सदस्य

च) नगरमा रहेका बुद्धिजीवी, विषय विज्ञहरु कम्तिमा १ महिला सहित नगर प्रमुखले मनोनित गरेका प्रतिनिधिहरु- ३ जना सदस्य

छ) नगर प्रमुखले मनोनित गरेका एक महिला, एक दलित, एक अपांगता भएका व्यक्ति, सहित वडा अध्यक्षहरु मध्येबाट ५ जना सदस्य

छ) नगरप्रमुखले मनोनित गरेका १ जना कार्यक्रम संयोजक सदस्य

ज) प्रमुख प्रशासकीय अधिकृत, नागार्जुन नगरपालिका सदस्य सचिव

आवश्यकता अनुसार अन्य पदाधिकारी, विषय विज्ञ तथा कर्मचारीहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद—५

## सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकार

**५) सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकारः**

मेयर उद्यमशिलता विकास कार्यक्रम सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

क) कृषि, पशुपन्क्षी पालन, उद्योग र पर्यटन व्यवसायलाई आधार बनाई विदेशबाट फर्किएका तथा नगरमै रहेका बेरोजगार युवाहरुलाई उल्लेखित व्यवसायमा आकर्षित गरी निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक तथा व्यावसायिक कृषिमा रूपान्तरण गर्ने, पशुपन्क्षी पालनलाई व्यवसायिक बनाउने, पर्यटन व्यवसायमा लगानी गरी भरपर्दो र विश्वसनीय पर्यटन व्यवसायको प्रवर्द्धन गर्ने, लघु, घरेलु, साना एवं मझौला उद्योगको थप विकास एवं प्रवर्द्धन गर्न आवश्यक सहयोग गर्ने र सोका लागि नगरस्तरीय प्रोफाइल, गुरुयोजना, नीति, रणनीति, कार्यक्रम र बजेट निर्माण गर्ने।

ख) नगर क्षेत्रमा स्वरोजगारी तथा उद्यम विकास गर्न आवश्यक सचेतना तालिम तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने ।

ग) नगर क्षेत्रका बेरोजगार तथा उद्यमी बन्न चाहनेहरुलाई आव्हान गरि सूचि तयार गर्ने ।

घ) स्वरोजगार तथा उद्यमी बन्न चाहनेहरुको आवश्यकता पहिचान गरी क्षमता विकास तथा व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गर्ने ।

ङ)	नगर क्षेत्रमा व्यवसाय छनौट गरेका व्यक्तिहरुलाई व्यवसाय सञ्चालनको लागि आवश्यक सहजिकरण गर्ने ।

च)	कार्यक्रम अन्तर्गत उद्यम तथा व्यवसाय गर्न चाहने नगरबासीलाई परियोजना प्रस्ताव तथा बैंकिङ प्रक्रियाका लागि आवश्यक सहयोग गर्ने ।

छ)	नगरक्षेत्रका व्यवसायिक उत्पादनलाई बजारीकरणको लागि आवश्यक प्रबन्ध गर्ने ।

ज)	आ.व. ०८०/ ०८१ मा ...औं नगरसभाबाट पारित नीति,कार्यक्रम र स्वीकृत बजेट अनुसार उद्यमशिलता विकास कार्यक्रमका लागि व्याज अनुदान कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्ने र हरेक आ.वा.मा आवश्यक नीति, कार्यक्रम र बजेट नगरसभामा प्रस्ताव गर्ने, स्वीकृत भए अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

झ)	सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि,२०८० बमोजिम कार्यक्रम लागु गर्ने गराउने ।

ञ)	नगरपालिका भित्रका उद्यम व्यवसायहरुको अनुगमन गर्ने, देखिएका समस्याहरुलाई समाधान गर्ने, सहमती अनुसार उद्यम व्यवसायहरु सञ्चालन भएको नदेखिए संझौता बमोजिम कार्वाही अघि बढाउने ।

ट)	नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार तथा सम्बन्धित मन्त्रालय, विभाग, दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू लगायतका निकायहरुसँग उद्यमशीलता विकास, औद्योगिक पूर्वाधार विकास एवं बजार पहुँच विस्तारका लागि आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

ठ)	तालिम कार्यक्रमको पाठ्यक्रम स्वीकृत गर्ने, तालिम कार्यक्रम सञ्चालन गर्न मेयर उद्यमशीलता विकास कार्यक्रमको सचिवालयलाई निर्देशन दिने ।

ड)	मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका तथा व्याज अनुदान कार्यविधि बमोजिम छनौट भएका उद्यमी तथा व्यवसायीहरुको अन्तिम नामावली प्रकाशन गर्ने ।

ढ)	ब्याज अनुदान कार्यक्रम सञ्चालन गर्न एक कोषको स्थापना गर्ने र छनौट भएका उद्यमी तथा व्यवसायीहरुसँग तोकिए बमोजिम संझौता गरी ब्याज अनुदान प्रदान गर्ने ।

त)	उद्यम तथा व्यवसायको सन्दर्भमा दातृ निकाय, संघ संस्था एवं सम्बन्धित निकायहरुसँग अनुभव आदान प्रदान गर्ने, अध्ययन, अवलोकन भम्रण कार्यक्रमको आयोजना गर्ने ।

थ)	सञ्चालक समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ । उपसमितिको सर्त र सेवा सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

द)	तालिम प्रदायक संस्थाको छनौटका आधारहरु तय गर्ने ।

ध)	सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० बमोजिम गठन हुने समन्वय तथा अनुगमन समितिको प्रतिवेदन उपर आवश्यक निर्णय गरी कार्यपालिका बैठकमा पेश गर्ने ।

न)	नगरपालिकामा सञ्चालन गरिने उद्यम व्यवसायको प्राथमिकता निर्धारण गरी कार्यपालिकाको बैठकबाट अनुमोदन गराई कार्यान्वयन गर्ने गराउने ।

ण)	वर्षमा एक पटक नगरपालिका स्तरीय उद्यमशीलता सम्मेलनको आयोजना गर्ने ।

## परिच्छेद—६

## तालिम सम्बन्धी व्यवस्था

६)	**तालिम सम्बन्धी ब्यवस्थाः**

क)	मेयर उद्यमशिलता विकास कार्यक्रम मार्फत स्वरोजगार बन्ने तथा उद्यम व्यवसाय विकास गर्न चाहने नगरपालिकामा स्थायी बसोबस गर्ने नागरिकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । व्यवसाय सचेतना तालिम, मागमा आधारित व्यवसायिक तालिम तथा विशेष स्वरोजगारमूलक तालिमका लागि छनौट भएका आवेदकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

ख)	तोकिएको मिति भित्र रितपूर्वक पर्न आएका दरखास्त फारममा उल्लेखित विवरणका आधारमा कार्यालयले मापदण्ड तयार गरी

अन्तर्वार्ताका लागि पेश गरेको फारममा अन्तर्वार्ता वापतको अङ्क प्रदान गरी योग्यताक्रम अनुसार बढि अंक प्राप्त गर्ने उमेदवारहरुलाई तालिममा सहभागिताको लागि तोकिएको सिट संख्यामा छनौट गरिनेछ। छनौट गर्दा समावेशीतालाई पनि विशेष प्राथमिकतामा राखिने छ। अन्तर्वार्तामा सहभागीहरु आवश्यकता भन्दा बढि भएमा तालिमको लागि तोकिएको संख्यामा २० प्रतिशतसम्म प्रतिक्षा सूचिमा राखिनेछ ।

ग) नगरपालिकाको आयोजनामा तालिम लिएका व्यक्तिलाई उनीहरुको रुचि र व्यवसाय छनौटको आधारमा व्यवसायिक तथा विशेष स्वरोजगारमूलक तालिम प्रदान गरिनेछ। स्वतः स्फूर्त रुपमा स्वरोजगार तथा उद्यमी बन्न नगरपालिकामा सूचिकृत भएका ब्यक्तिलाई समेत आवश्यक तालिम तथा सहयोग गरिनेछ। सूचिकृत भएका व्यक्तिहरुको विवरण तालिम प्रदायक संस्थालाई उपलव्ध गराइने छ ।

घ) सफल उमेदवार तालिम शुरु हुने दिन अनुपस्थित रहेमा प्रतिक्षा सूचिमा रहेका उमेदवारलाई क्रमांङ्कको आधारमा तालिममा राख्न सकिनेछ ।

## परिच्छेद—७

## तालिम सञ्चालन तथा व्यवस्थापन

७) **तालिम सञ्चालन तथा व्यवस्थापनः**

क) उद्यमशिलता विकास तालिम सञ्चालन गर्दा सम्बन्धित निकाय सहकार्य, समन्वय तथा विषय विज्ञ प्रशिक्षकहरुको व्यवस्था गरिने छ। एउटा कक्षा कम्तिमा ९० मिनेटको हुनेछ । प्रशिक्षकले आफूले दिएको प्रशिक्षणको विषय नोट उपलब्ध गराउनु पर्नेछ । आर्थिक, कानुन विषयका विषय विज्ञ लगायतअन्य क्षेत्रका विशिष्ट ब्यक्ति, नेपाल सरकारको प्रथम श्रेणी अधिकृत वा सो भन्दा माथिल्लो योग्यताका सम्बन्धित विषयका विज्ञ ब्यक्ति वा नमूना उद्यमीलाई विशिष्ट प्रशिक्षकको रुपमा समेत आवश्यकता अनुसार आमन्त्रण गरिनेछ ।

ख) सहभागी प्रशिक्षार्थीहरुलाई निःशुल्क तालिम प्रदान गरिनेछ। प्रशिक्षणमा पूरा समय सहभागी हुनु पर्ने छ ।

ग) सहभागी प्रशिक्षार्थीहरुलाई चिया,खाजा, तालिम सामाग्री, प्रशिक्षण लगायत अन्य सुविधा सम्बन्धित तालिम प्रदायक संस्थाले संझौता बमोजिम उपलब्ध गराउनेछ ।

घ) तालिम सम्पन्न भए पश्चात समापन कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरुलाई तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ ।

## परिच्छेद—८

## प्रशिक्षक, तालिम प्रदायक संस्था तथा प्रशिक्षार्थीले पालन गर्नु पर्ने कार्य

**८) प्रशिक्षक, तालिम प्रदायक संस्था तथा प्रशिक्षार्थीले पालन गर्नु पर्ने कार्य**

**क) प्रशिक्षकले देहाय अनुसारका कार्य गर्नु पर्नेछः**

१) तालिमको लागि तोकिएको पाठ्यक्रम अनुसार प्रशिक्षकले सैद्धान्तिक, प्रयोगात्मक तथा अन्तरर्कियात्मक कक्षा सञ्चालन गर्नु पर्नेछ । कक्षा सञ्चालन गर्दा पावर प्वाइन्ट प्रस्तुती तथा सहभागीहरुलाई नोट उपलव्ध गराउनु पर्ने छ ।

२) मेयर उद्यमशिलता कार्यक्रम सञ्चालक समितिले तोकिदिएका अन्य कार्यहरू गर्ने ।

**ख) तालिम प्रदायक संस्थाले देहाय अनुसारका कार्य गर्नु पर्नेछः**

१) सम्बन्धित विषयका प्रशिक्षकहरुको व्यवस्था मिलाउने, प्रशिक्षकहरुलाई तोकिएको मितिमा आमन्त्रण गरी कार्यक्रम सञ्चालन गर्ने ।

२) तालिमको लागि प्रशिक्षण स्थल व्यवस्था गर्ने ।

३) सहभागी फारम संकलन गर्न सहयोग गर्ने तथा मेयर उद्यमशिलता कार्यक्रम सञ्चालक समितिको कार्यालयमा वुझाउने ।

४) प्रशिक्षक, सहजकर्ता तथा प्रशिक्षार्थीहरुको हाजिरी विवरण राख्ने ।

५) तालिम सामग्रीको व्यवस्था गर्ने ।

६) तालिममा प्रयोग भएका तालिम सामग्रीहरुको रेखदेख तथा संरक्षणको कार्य गर्ने ।

७) तालिमको लागि कार्यक्रम संयोजकसँग सम्पर्क, समन्वय गर्ने ।

८) मेयर उद्यमशिलता कार्यक्रम सञ्चालक समितिको कार्यालयले तोकिदिएका अन्य कार्यहरू गर्ने ।

**ग) प्रशिक्षार्थीले देहाय अनुसारका कार्य गर्नु पर्नेछः**

क) तालिम पाठ्यक्रम बमोजिम प्रशिक्षार्थीले तोकिएको कार्यस्थलमा प्रशिक्षण लिनु पर्नेछ ।

ख) दैनिक तालिम अवधिमा ४ वटा कक्षा सञ्चालन हुनेछन्। सबै कक्षाहरुमा अनिवार्य सक्रिय रुपमा सहभागी रहनु पर्नेछ ।

घ)    माथि उल्लेखित वाहेक तालिम अवधिमा पालन गर्नु पर्ने आचार संहिता वनाई लागु गरिने छ । सो को पालना प्रशिक्षार्थीले अनिवार्य रुपमा गर्नु पर्नेछ ।

## परिच्छेद-९

## अन्य व्यवसायिक तालिम

९)    **अन्य व्यवसायिक तालिमः**

मेयर उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत व्यवसाय सचेतना तालिम लिएका व्यक्तिलाई वा अन्य स्वरोजगार तथा उद्यमशिलता कार्यक्रममा सहभागी हुन सुचीकृत व्यक्तिलाई व्यवसायिक तालिम दिँदा नगरपालिकाको तालिम सम्बन्धी स्वीकृत नियम अनुसार सञ्चालन गरिनेछ। लामो अवधि वा विशेष खालको तालिम सञ्चालन गर्न तालिम प्रदायक संस्थासँग भएको सम्झौता अनुसार तालिम सञ्चालन गरिनेछ ।

## परिच्छेद-१०

## प्रशिक्षार्थीकालागि तालिमका क्षेत्रहरु

१०)   **प्रशिक्षार्थीका लागि तालिमका क्षेत्रहरुः**

निम्न क्षेत्रहरुलाई प्राथमिकतामा राखी तालिम प्रदान गरिनेछ ।

(क)  उत्पादन मूलक उद्योग व्यवसाय

(ख)  व्यवसायिक कृषिमा तथा पशुपंक्षिमा आधारित उद्यम व्यवसाय

(ग)  वन (जडीवुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय

(घ)  पर्यटन प्रवर्द्धनमा आधारित उद्यम व्यवसाय

(ङ)  निर्माणमा आधारित उद्यम व्यवसाय

(च) सेवामूलक व्यवसाय

(छ)  सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि व्याज अनुदान सम्बन्धी कार्यविधिको अनुसूचीमा उल्लेख गरिएका उद्यम व्यवसाय सूचीमा उपलव्ध गराइएका विवरणसँग सम्बन्धित तालिम सञ्चालन गर्नु पर्ने भनि मेयर उद्यमशीलता विकास समितिले ठहर गरिएका उद्यम व्यवसायहरु ।

(ज)  मेयर उद्यमशीलता विकास संचालक समितिले आवश्यक ठानेका अन्य क्षेत्रहरु ।

# परिच्छेद—११
# छनौटका आधारहरु

**११) <u>छनौटका आधारहरुः</u>**

परिच्छेद १० मा उल्लेखित उद्यम व्यवसाय क्षेत्रहरु मध्ये प्राथमकिताका आधारमा तोकिएको क्षेत्रमा कार्य गर्न इच्छुक उद्यमी वा समूहलाई उद्यम व्यवसाय सञ्चालन गर्नका लागि अनुसूची-१, तथा वैदेशिक रोजगारबाट फर्किएका हकमा अनुसूची १ र २ बमोजिमको फारम भर्न लगाई मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका,२०८० बमोजिम तोकिएका क्षेत्रमा उद्यम-व्यवसाय सञ्चालन गर्नका लागि तालिममा सहभागी हुन चाहनेहरुका लागि छनौटका आधारहरु निम्न बमोजिम निर्धारण गरिएको छः

(क) २१ वर्ष पूरा भई ५५ वर्ष ननाघेको नगरपालिकाको स्थायी वासिन्दा हुनुपर्ने ।

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।

(ग) सरकारी तथा गैर सरकारी संघ संस्थाको चल अचल सम्पत्तिको दुरुपयोग नगरेको, कालोसूचीमा नपरेको ।

(घ) कम्तीमा आधारभूत तहको (कक्षा ८ उर्तीण) शिक्षा हासिल गरेको वा सम्बन्धित व्यवसाय तथा पेशासँग सम्बन्धित तालिम, दक्षता हासिल गरेको ।

(ङ) नगरपालिका भित्र उद्यम व्यवसाय न्यूनतम् ७ (सात) वर्ष सञ्चालन गर्ने लिखित प्रतिवद्धता व्यक्त गरेको ।

(च) नगरपालिकालाई तिर्नु पर्ने वाँकी वक्यौता नरहेको ।

(छ) आफ्नो नामको वा एकाघर परिवारको सम्पत्ति ठाडो रोक्का राख्न मञ्जुरीनामा दिएको ।

झ) उद्यमशीलता विकास तालिम, वित्तिय साक्षरता तालिम लिएको हुनु पर्ने ।

माथि उल्लेखित बाहेक उद्यमी, व्यवसायी तथा स्वरोजगार बन्न नगरपालिकामा आवेदन दिएका आवेदकहरुलाई देहायको आधारमा छनौट गरिनेछः

- आवेदकको स्वरोजगार तथा उद्यमशिलताका लागि रुचि २० अंक

- छानेको विषयमा आवेदकको आधारभूत ज्ञान २० अंक
- आवेदकको सो कामका लागि अनुभव २० अंक
- छनौट गरेको तालिममा सहभागी १० अंक
- कोभिड-१९ को कारण जान गुमाएका एका घर परिवारका सदस्य तथा वैदेशिक रोजगारबाट फर्केको १ वर्ष पूरा नभएको सम्बन्धित एका घर परिवारका व्यक्ति १० अंक
- उद्यमशिलताको लक्ष्य र उद्देश्यमा समर्पण १० अंक
- यस अघि लिएको सम्बन्धित विषयको तालिम ५ अंक
- शैक्षिक योग्यताः ५ अंक

उपरोक्त अंकभारमा गरिएको मुल्यांकन तथा आवश्यकता अनुसार थप आन्तरिक मूल्याङ्कनका आधार तथा अंकभार तय गरी मेरिट लिष्टका आधारमा नगरपालिकाले विषय विज्ञहरुको सहयोग लिई आवेदकको छनौट गरी अन्तिम नामावली प्रकाशित गरिनेछ ।

## परिच्छेद-१२

## मेयर उद्यमशिलता विकास कार्यक्रमको सचिवालय तथा काम, कर्तव्य, अधिकार

### १२.१. मेयर उद्यमशिलता विकास कार्यक्रमको सचिवालयः

मेयर उद्यमशिलता विकास कार्यक्रमको मुख्य सचिवालय नागार्जुन नगरकार्यपालिकाको कार्यालयमा रहने छ। प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा सचिवालय रहने छ।

### १२.२. सचिवालयको काम, कर्तब्य र अधिकारः

क) मेयर उद्यमशिलता विकास कार्यक्रम सञ्चालक समितिको सचिवालयका रुपमा आवश्यक काम तथा निर्णय कार्यान्वयन गर्ने ।

ख) कार्यक्रम तथा तालिम सञ्चालनका लागि सूचना प्रकाशन गर्ने ।

ग) प्रकाशित सूचना अनुसार तालिमको लागि निवेदन दिन आएका इच्छुक नागरिकहरुलाई अनुसुची—१ र वैदेशिक रोजगारबाट फर्की नगरपालिकामा नै उद्यम व्यवसाय गर्न चाहने व्यक्तिहरुका लागि अनुसूची—२ बमोजिमको निवेदन ढाँचा फारम वितरण गर्ने र पर्न आएका निवेदन संकलन गर्ने ।

घ) निवेदन संकलन गरी सो निवेदन फारमका आधारमा संक्षिप्त सूची प्रकाशन गरी सो सूचीका आधारमा प्रशिक्षार्थी छनौंट गरि सञ्चालक समिति समक्ष पेश गर्ने ।

ङ) छनौट भएका प्रशिक्षार्थीहरुलाई तालिम व्यवस्थापन लगायतका कामलाई सहजीकरण गर्ने ।

च) मेयर उद्यमशिलता विकास कार्यक्रम सञ्चालक समितिले स्वीकृत गरेको कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन लागत प्रस्ताव तयार गर्ने र स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्ने ।

छ) स्वीकृत कार्यक्रममा भएको खर्चको सक्कल विल  भपाईको श्रेस्ता लगायत सम्पूर्ण अभिलेख आर्थिक प्रशासन शाखामा पेश गर्ने तथा सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

ज) तालिम-प्रशिक्षण तथा कार्यक्रम सम्बन्धमा कुनै द्विविधा भए परिच्छेद-४ मा उल्लेखित समितिसँग आवश्यक निर्देशन माग गरी प्राप्त निर्देशनानुसार कार्य गर्नु पर्नेछ ।

झ) तालिम प्राप्त प्रशिक्षार्थीहरुको फोटो सहित अध्यावधिक विवरण डिजिटल डाटामा तयार गर्ने ।

## परिच्छेद-१३

## कार्यक्रम संयोजक सम्बन्धी व्यवस्था

**१३) कार्यक्रम संयोजक सम्बन्धी व्यवस्थाः**

क) मेयर उद्यमशिलता विकास कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न नगर प्रमुखले कम्तिमा स्नातक तह उत्तीर्ण गरी विगतमा नेपाल सरकार वा सो सरहको कुनै निकायमा अधितृक स्तर वा सो सरहको जिम्मेवारी न्यूनतम २ वर्ष कार्य अनुभव भएका वा राजपंत्राकित ना.सु सरह १० वर्ष कार्य अनुभव भएको वा सो भन्दा माथिको जुनसुकै तहको जिम्मेवारीमा रही कार्य गरेको अनुभव भएको, ३५ वर्ष उमेर पूरा गरी ६५वर्ष उमेर नकटेको सम्बन्धित विषयमा ज्ञान हासिल गरेको एकजनालाई कार्यक्रम संयोजक तोक्ने छन्।संयोजकलाई सञ्चालक समिति र कार्यालयसंग आवश्यक समन्वय गरि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी हुनेछ।कार्यक्रमले लिएको लक्ष हासिल गर्न महत्वपूर्ण समन्वयकर्ताको रुपमा कार्यक्रम संयोजकले भूमिका निर्वाह गर्नु पर्नेछ।

## परिच्छेद-१४

## कार्यक्रम संयोजकको काम कर्तव्य र अधिकार

**१४) कार्यक्रम संयोजकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१) सञ्चालक समिति र कार्यालयका बिच समन्वय कर्ताको भूमिका निर्वाह गर्ने ।

२) मेयर उद्यमशीलता विकास कार्यक्रमका लागि प्रभावकारी नीति तथा कार्यक्रम निर्माण गर्न सचिवालय मार्फत समिति समक्ष प्रस्ताव पेश गर्ने ।

३) सञ्चालक समितिको निर्देशन अनुरुप मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत हुने सम्पूर्ण कार्यक्रम, तालिम तथा उद्यम व्यवसायलाई आवश्यक सहजिकरण गर्ने, स्कीम तयार गर्ने तथा परामर्श दिने ।

४) सञ्चालक समिति तथा कार्यलयसँग आवश्यक समन्वय गरि कार्यक्रमको निरीक्षण तथा अनुगमन गरि यथार्थ प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

५) संचालक समिति तथा सचिवालयले तोकेका अन्य कामहरु गर्ने ।

## परिच्छेद-१५

## सञ्चालक समिति तथा कार्यक्रम संयोजकको सेवा सुविधा

**१५) सञ्चालक समितिको सेवा सुविधाः**

१) बैठक भत्ता तथा अनुगमन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

२) कार्यक्रम संयोजकको सेवा सुविधाः

मेयर उद्यमशिलता विकास कार्यक्रमको कार्यक्रम संयोजकलाई अधिकृत स्तरको सेवा सुविधा उपलव्ध गराइने छ। फिल्डमा खटिएको दिन नगरप्रमुखबाट स्वीकृत भ्रमण आदेश अनुसार अधिकृत स्तरको कर्मचारीले पाउने भ्रमण खर्च र इन्धन उपलब्ध गराइनेछ। साथै नगरपालिकाको स्वीकृत नियमका आधारमा प्राप्त गर्ने प्रशिक्षक भत्ता, बैठक भत्ता तथा अनुगमन भत्ता कार्यक्रम संयोजकले प्राप्त गर्नेछ ।

## परिच्छेदः १६
## प्रगति प्रतिवेदन र प्रकाशन

१६) **प्रगति प्रतिवेदन र प्रकाशनः**
सञ्चालक समितिले तालिम सञ्चालनका मुख्य मुख्य गतिविधि, प्रगति विवरण, अनुगमन तथा उद्यम व्यवसायको विवरण समेतलाई समेटी प्रतिवेदन तयार गरी अनलाईन वुलेटिन त्रैमासिक रुपमा तथा पुस्तिका वार्षिक रुपमा प्रकाशन गर्नेछ ।

## परिच्छेद-१७
## विविध

१७) **लेखा परीक्षणः** (१) कार्यक्रमको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

१८) **बाधा अड्काउ फुकाउन सक्नेः**
यस निर्देशिकामा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा वा अन्य आवश्यक निर्णय र व्यवस्था गर्नु परेमा सञ्चालक समितिलाई उल्लेखित विषयमा आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन र निर्देशिकाको आवश्यक संशोधन गर्नु पर्ने भए निर्णय गरी कार्यपालिकाको बैठकमा पेश गर्न सक्नेछ। यस निर्देशिकामा लेखिएका कुराहरु यसै बमोजिम र यसमा नलेखिका कुराहरु नागार्जुन नगरपालिकाको नगरकार्यपालिकाको बैठकको निर्णय अनुसार हुनेछ ।

१९. **कार्यक्रम सञ्चालन विधीः** अनुसूची-१ बमोजिमका उद्यम वा व्यवसाय सृजना तथा आर्थिक विकासको क्षेत्र कार्यक्रम सञ्चालन गर्दा निम्न विधि र प्रक्रिया अलवम्वन गरिनेछ ।

(क) अनुसूची १ बमोजिमका कार्यक्रमहरु मध्ये मेयर उद्यमशीलता विकास समितिद्धारा प्राथमिकता आधारमा तोकिएका उद्यम व्यवसाय सञ्चालनका लागि नगरकार्यपालिकाको कार्यालयबाट १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

(ख) संभावित उद्यमी व्यवसायी छनोट कार्यमा लक्षित समूह मध्ये पूँजी, ज्ञान र सिपको अभावमा उद्यम व्यवसायमा लाग्न नसकेका परिवार, उद्यम व्यवसायमा लागेका तर व्यवसायिक दक्षता र साधन श्रोतको अभावमा व्यवसायिकरण गर्न नसकेका लक्षित समूहका व्यक्ति मध्येबाट उद्यम

वा व्यवसाय क्षेत्रमा सहभागी हुनको लागि अनुसूचि १ बमोजिमको फाराम भरी तोकिएको समय भित्र नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ ।

(ग) कार्यक्रम सञ्चालन गर्नको लागि पेश भएका निवेदनहरु मध्ये उद्यम व्यवसाय प्रवर्द्धन हुने संभावित तथा आर्थिक रुपले पछाडि परेका पालिका भित्रका क्षेत्र, कृषक समूह, सहकारी, फर्म, वा व्यक्तिलाई मेयर उद्यमशिलता सञ्चालक समितिले छनौट गर्नेछ। यदि व्यक्ति छनौट भएमा छनौट पश्चात् व्यवसायलाई नियमानुसार दर्ता गर्नु पर्नेछ ।

(घ) सञ्चालक समितिबाट निर्णय भई छनौट भएका उद्यमी व्यवसायीहरुलाई आवश्यकता अनुसार उद्यमशिलता विकास तालिम लगायतका तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) उद्यमशिलता विकास र व्यवसायिक तालिम सञ्चालन आवश्यकताको आधारमा कार्यालय वा सेवा प्रदायक संस्थाहरुबाट गर्न सकिनेछ ।

(च) उद्यमी वा व्यवसायीहरुको व्यवसायिक योजनाहरुको सञ्चालन, समन्वय र सहजीकरणको लागि आवश्यक सहजकर्ता नगरपालिकाले मौजुदा कर्मचारी, मेड्पा कार्यक्रमका कर्मचारी वा कार्यक्रम संयोजक करारमा नियुक्त गरी परिचालन गर्न सकिनेछ।

(छ) संभावित उद्यमी वा व्यवसायीहरुले एकै कलष्टर वा क्षेत्र मिल्नेगरी व्यक्तिगत वा समूहगत रुपमा उद्यम व्यवसाय सञ्चालन गर्नेलाई विशेष प्राथमिकता दिईनेछ ।

## परिच्छेदः १८

## वडा कार्यालय तथा वडा अध्यक्षको जिम्मेवारी

२०) **वडा कार्यालय तथा वडा अध्यक्षको जिम्मेवारीः**

क) मेयर उद्यमशीलता विकास कार्यक्रमको लक्ष्य र उद्देश्यलाई सफल वनाउन वडा कार्यालयको तर्फबाट भूमिका निर्वाह गर्ने, आवश्यक समन्वय र सहयोग गर्ने ।

ख) सम्बन्धित वडाका नागरिकहरुलाई कार्यक्रमको बारेमा सूसुचित गर्ने, टोल भेला, वडा भेला आयोजना गरी जानकारी गराउने ।

ग) सम्बन्धित वडामा मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्दा अनुगमन समितिको पदेन सदस्य भएका जिम्मेवारी वहन गर्ने ।

घ) वडामा उद्यमशीलता विकासको संभाव्यता अध्ययन, कार्यक्रम लागु भए पश्चात् भएका उपलव्धी, देखिएका समस्या तथा चुनौतीहरुका सम्बन्धमा मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालन समितिमा राय, सल्लाह, सुझाव  प्रत्येक महिनाको मसान्त भित्र लिखित रुपमा पेश गर्ने।

ङ) उद्यमशीलता विकासका लागि वडावासीहरुलाई सिप विकास तालिम, सचेतना तालिम, उद्यमशीलता तालिम, वित्तिय साक्षरता तालिम लगायतका नवप्रवर्ततसँग सम्बन्धित तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

२१) <u>बचाउ र खारेजीः</u>

यो निर्देशिका खारेज भएको खण्डमा पनि यस बमोजिम भए गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**
**सुमन अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची-१
## (परिच्छेद-११ सँग सम्वन्धित)

मेयर उद्यमशील विकास कार्यक्रम निर्देशिका, २०८० बमोजिम तोकिएका क्षेत्रमा उद्यम-व्यवसाय सञ्चालन गर्नका लागि तालिममा सहभागी हुन चाहनेले पेश गर्नुपर्ने

फोटो

**निवेदनको ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
काठमाडौं ।

**विषयः तालिम कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे ।**

महोदय,

निम्न लिखित विवरण बमोजिमको उद्योग वा व्यवसाय स्थापना-सञ्चालन वा स्तरोन्नती गर्न मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका,२०८० बमोजिम तालिम कार्यक्रममा सहभागी हुनका लागि नगरपालिकाबाट मिति.................... गते प्रकाशित सूचना अनुसार हार्दिक अनुरोध गरेको छु/छौं। पेश गरिएको विवरण ठीक छ। झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

१. दर्ता भएको-स्थापना गर्न चाहेको उद्योग वा व्यवसायको नामः

२. ठेगानाः

(क) प्रदेशः

(ख) जिल्लाः

(ग) नगरपालिकाः

घ) वडा नं.                ङ) शैक्षिक योग्यताः

च) हालको पेशा व्यवसायः

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू.१०/-

छ) प्राप्त अनुभव, सिपः

ज) पेशागत तालिम लिएको, नलिएकोः

झ) तालिम लिएको भए तालिम दिने संस्थाको नामः

ट) तालिम अवधि ........................ देखि................... सम्म

ठ) कुनै कानुनले अयोग्य छ वा छैन ?

चिन्ह लगाउने —✓

२. उद्योग-व्यवसायको स्तरः (क) लघु ( ) (ख) घरेलु ( ) (ग) साना ( ) मझौला ( )

चिन्ह लगाउने—✓

३. उद्योग-व्यवसायको कानुनी रुप — फर्मः (क) निजी ( ) (ख) साझेदारी ( ) (ग) प्रा.लि. ( )

चिह्न लगाउने— ✓

४. उद्योगव्यवसायको वर्गीकरणः

(क) उत्पादनमूलक उद्योग व्यवसाय ( )

(ख) व्यवसायिक कृषि तथा पशुपंक्षिमा आधारित उद्यम व्यवसाय ( )

(ग) वन (जडीवुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय ( )

(घ) पर्यटन प्रवर्द्धनमा आधारित उद्यम व्यवसाय ( )

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय ( )

(च) सेवामूलक उद्यम व्यवसाय ( )

(छ) अन्य

उल्लेखित व्यहोरा ठिक साँचो हो भनी सही छाप गर्नेः

निवेदकको पूरा

नामथरः

ठेगानाः

दस्तखतः

सम्पर्क फोनः इमेलः

नोटः वैदेशिक रोजगारबाट फर्की नगरपालिकामा नै उद्यम व्यवसाय गर्न चाहने व्यक्तिले अनुसूची-२ बमोजिमको निवेदन समेत दिनुपर्नेछ ।

## अनुसूची-२
## (परिच्छेद-११ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
काठमाडौं ।

**विषयः <u>वैदेशिक रोजगारमा रहेको वेलाको विवरण पेश गरेको सम्बन्धमा।</u>**

तहाँ नगरपालिकाबाट मिति ..............गते ................मा प्रकाशित सूचना बमोजिम स्वरोजगार हुनका लागि वैदेशिक रोजगारसम्बन्धी ज्ञान-सिप-तालिम-अनुभवको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी निम्न विवरण सहित उद्यम तथा व्यवसाय संचलान गर्न प्रदान गरिने तालिम प्रयोजनका लागि यो निवेदन पेश गरेको व्यहोरा हार्दिक अनुरोध गर्दछु ।

१. निवेदकको पूरा नाम थर (नेपालीमा)
२. निवेदकको पूरा नाम थर अग्रेजीमा (BLOCK LETTER)
३. जन्म मितिः २०................ साल .......... महिना .......... गते (बिक्रम संवतमा)
४. लिङ्गः पुरुष-महिला-अन्यः
५) बाबुको पूरा नाम, थरः
६) आमाको पूरा नाम, थरः
७) बाजेको पूरा नाम, थरः
८) पति-पत्नीको पूरा नाम, थरः
९) निवेदकको स्थायी ठेगानाः (क) न.पा.................................. (ख) वडा नम्बरः ................. (ग) जिल्ला...................................... (घ) प्रदेशः ..................................
१०) पत्राचार गर्ने ठेगानाः (क) न.पा.................................. (ख) वडा नम्बरः.................. (ग) जिल्ला...................................... (घ) प्रदेशः .............................
(ङ मोवाइल नं.................................
(च) इमेलः ....................................

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू.१०/-

११) वैदेशिक रोजगारबाट फर्केपछि हाल नेपालमा के काम गर्दै हुनुहुन्छ ? खुलाउनुहोस्।

..................................................................................................

१२) वैदेशिक रोजगारी सम्बन्धी विवरणः क) रोजगारीको लागि गएको देशः.......................................पटकः............................ पटकः ........

ख) रोजगारदाता कम्पनीको नामः ...............................................

ग) श्रम स्वीकृति लिए/नलिएकोः ............................................, लिएको भए पत्रको प्रतिलिपि, तथा भिसाको फोटोकपी, गन्तव्य मुलुक जाँदा र फर्कदा इमिगे्रसनको गमन तथा आगमनको राहदानीमा लगाएको छापको प्रतिलिपि ।

घ) काम गरेको अवधिः ......... वर्ष

ङ) पदः- ....................................

च) प्राप्त अनुभव-सीपः ..............................................

छ) पेशागत तालिम लिए-नलिएकोः ............

ज) तालिम लिएको भए तालिम दिने संस्थाको नामः .....................................

झ) तालिमको अवधि .................... देखि ..................... सम्म

ञ) सिप परीक्षण गरेको भए स्तर (लेभल खुलाउने) ..............................

ट) नेपाल फर्किएको मितिः ..........साल ..... महिना ....गते

ठ) कुनै कानुनले अयोग्य छ वा छैन ?..........................

उल्लेखित व्यहोरा ठिक साँचो हो भनी सही छाप गर्ने

निवेदकः

नामः .................................................

दस्तखतः ............................................

मितिः.................................................

मोबाइल नं. .............................

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू.१०/-